आज मिति २०७६।०६।१६ गते बिहिबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्रियाकलापहरुको बजेट सहितको विस्तृत विवरण

माधव नारायण नगरपालिका आ.व. ०७६\०७७

| सि.न | क्रियाकलाप | क्षेत्र | वार्ड | बस्ती | इकाई | सख्या | नेपाल सरकार | EU/Unicef | समानिकरण अनुदान, आन्तरिक श्रोत। | गै स स<br>अ गै स स | वर्ग जस्ते म ह दि म | लाभान्वित हुने सम्भावित सख्या | कार्यान्वयन गर्ने महिना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | किशोरी तथा सुनौला हजार दिनका सदस्यलाई करेसाबारी निर्माण सम्बन्धी सैद्धान्तीक र व्यवहारिक ज्ञान दिने तालिम सञ्चालन तथा उन्नत जातका बिउबिजन उपलब्ध गराउने | कृषी | सबै | समुदाय | व्यक्ति | 3 | | 450,000.00 | | | किशोरी र म ह दि म | 600 | मंसिर देखि पुष सम्म |
| 2 | किशोरी तथा सुनौला हजार दिनका सदस्यलाई पशुपंक्षिपालन अन्तरगत कुखुरा पालन सम्बन्धी तालिम संचालन गर्ने र नमुना रुपमा कुखुरा वितरण गर्ने | पशु | सबै | विपनन | व्यक्ति | 3 | | 450,000.00 | | | किशोरी र म ह दि म | 600 | कार्तीक देखि मंसिर सम्म |
| 3 | किशोरीको नियमीत विद्यालय सुनिश्चता, पोषण खानापान तथा सरसफाई सम्बन्धी किशोरी, अभिभावक, विद्यालय व्यावस्थापन समिति बिच अन्तरकृया गर्ने | शिक्षा | नि मा वि/ मा वि | विद्यालय | व्यक्ति | 8 | 190,000.00 | | | | किशोरी र म ह दि म | 400 | भदौ देखि असोज सम्म |
| 4 | विद्यालयका किशोरीहरुलाई महिनावारी स्वच्छता, स्थानीय स्तरमा सिनेटरी प्याड वितरण तथा अभिमुखिकरण | शिक्षा | नि मा वि/ मा वि | विद्यालय | व्यक्ति | 5 | | | 200,000.00 | | किशोरीहरु | 400 | कार्तीक देखि मंसिर सम्म |
| 5 | विद्यालयमा शौचालय, पिउने पानी, साबुनपानीले हात धुने र महिनावारी भएका किशोरीलाई सरसफाई सम्बन्धी सुविधाको व्यवस्था गर्ने | खानेपानी तथा सरसफाई | नि मा वि/ मा वि | विद्यालय | विद्यालय | 5 | | | 267,000.00 | | किशोरीहरु | 4000 | पुष देखि माघ सम्म |
| 6 | विद्यालय र स्वास्थ्य केन्द्रहरुमा फोहोर विसर्जनको व्यवस्था गर्ने | खानेपानी तथा सरसफाई | सबै | स्वास्थ्य केन्द्र | स्वास्थ्य केन्द्र | 5 | | | 250,000.00 | | किशोरी र म ह दि म | 3000 | पुष देखि माघ सम्म |

विरेन्द्र प्रसाद यादव
नगर प्रमुख
माधव नारायण नगरपालिका
माधोपुर रौतहट

प्रमुख प्रशासकिय अधिकृत

निर्णयहरु :

निर्णय नं. १ :

दशैं, तिहार तथा छठ जस्ता महान चाडपर्वहरु हुने मिति नजिकिएसँगै बजारमा अस्वभाविक मूल्य वृद्धि गर्ने, अखाद्य वस्तुहरु बिक्रि वितरण हुने, कालोबजारी हुने जस्ता कारणले सर्वसाधारण उपभोक्ताहरु मारमा परि ठगिने सम्भावना बढी हुने भएकाले सो को नियन्त्रणका लागि तपसिल बमोजीमका व्यक्तिहरुको उपस्थितीमा नगर भित्रका बजारहरुको अनुगमन गर्ने निर्णय गरियो ।

तपसिल

१. नगर प्रमुख
२. नगर उप प्रमुख
३. प्रमुख प्रशासकिय अधिकृत
४. सम्बन्धित वडाका वडा अध्यक्ष
५. सम्बन्धित वडाका प्रहरी प्रतिनिधि
६. नगरपालिकाको प्रशासन/राजश्व शाखाका कर्मचारी
७. सम्बन्धित वडाका बुद्धिजीवी तथा नागरिक समाज

निर्णय नं. २ :

यस आ.व. २०७६/०७७ मा विभिन्न शिर्षकहरुबाट (सशर्त अनुदान बाहेक) संचालन हुने योजना/कार्यक्रमहरु तपसिल बमोजीमको कार्यतालीका स्वीकृत गरी कार्यान्वियनमा लैजाने निर्णय गरियो ।

तपसिल

१. उपभोक्ता समिति गठन गरी कार्यादेश लिईसक्नुपर्ने मिति २०७६ कार्तिक मसान्त भित्र
२. कार्य सम्पन्न गरिसक्नुपर्ने मिति २०७६ फाल्गुन मसान्त भित्र (विशेष अवस्था बाहेक)
३. योजनाको अनुगमन गराई भुक्तानी लिईसक्नुपर्ने मिति २०७७ बैशाख मसान्त भित्र

यसका साथै उपरोक्तानुसारको म्याद गुज्रीएर आएमा कार्यालय कार्यादेश दिन वा भुक्तानी दिनका लागि बाध्य नहुने निर्णय समेत गरियो ।

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७६/०७७ मा लागु हुने गरी स्थानीय दररेट स्वीकृत गर्नुपर्ने भएकाले यस नगरपालिका क्षेत्र भित्र लागु हुने गरी मिति २०७६।०३।३१ मा श्रीमान प्रमुख जिल्ला अधिकारी श्री किरण थापा ज्यूको अध्यक्षतामा बसेको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट कायम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | पोषण सेवा प्रवाह सम्बन्धी स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई तालिम, आमा समूहहरूका नियमित बैठक सञ्चालन एवम् पोषण सम्बन्धी छलफल | स्वास्थ्य | सबै | स्वास्थ्य केन्द्र | व्यक्ति | 5 | | | 150,000.00 | | स्वास्थ्यकर्मी र महिला स्वयं सेविका | 132 | असोज देखि कार्तिक सम्म |
| 8 | स्थानीय तह गाउँपालिका, नगरपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशिलता र नियमित बैठक । प्रत्येक चौमासिकमा १ पटक । गर्ने | नगरपालिका | नगरपालिका | नगरपालिका | व्यक्ति | 3 | | | 120,000.00 | | नगरपालिका | 60 | श्रावण देखि आषाढ सम्म |
| 9 | स्थानीय तह (गाउँपालिका, नगरपालिका) को वडा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशिलता र नियमित बैठक गर्ने | नगरपालिका | सबै | वडा | व्यक्ति | 9 | | 150,000.00 | | | वडा प्रतिनिधिहरू | 135 | भदौ देखि असोज सम्म |
| 10 | सार्वजनीक स्थानहरूहरूमा स्तनपान कक्षको व्यवस्थापन गर्ने | नगरपालिका | सबै | नगरपालिका | व्यक्ति | 3 | | | 150,000.00 | | जन प्रतिनिधिहरू | 2500 | भदौ देखि असोज |
| 11 | बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत सबै विषयगत शाखाहरूबाट सञ्चालित क्रियाकलापहरूको समिक्षा । कम्तीमा २ पटक । गरी आवश्यक नितीगत मार्गदर्शन दिने | नगरपालिका | नगरपालिका | नगरपालिका | व्यक्ति | 2 | | | 70,000.00 | | विषयगत शाखाहरू | 50 | श्रावण देखि आषाढ सम्म |

Scanned with CamScanner

निर्णय नं. ४ :

यस आ.व. २०७६/०७७ मा संघिय सरकारबाट प्राप्त हुने तथा नगरपालिकाबाट विनियोजीत भएको रकमबाट बहुक्षेत्रीय पोषण तर्फ तपसिल बमोजीमको कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. ५ :

आ.व. २०७६/०७७ मा संघिय सरकारबाट प्राप्त हुने विशेष तथा समपुरक अनुदानबाट संचालन गर्नका लागि यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा परेका तपसिल बमोजीमका योजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पठाउने निर्णय गरियो ।

तपसिल

क) विशेष अनुदान तर्फ

१. जयनगर देखि सखुअवा सम्म पक्कि कृषि नहर निर्माण कार्य ।

ख) समपुरक अनुदान तर्फ

१. दिपही चौक देखि भेल्हि सम्म सडक कालोपत्रे गर्ने कार्य ।

आज मिति २०७६।०६।१६ गत्ते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

कापा =

Scanned with CamScanner

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 12 | बहुक्षेत्रीय पोषण योजना अन्तरगत सचालन भएका अभियान, क्रियाकलापहरु, सामाजिक व्यवहार परिवर्तन सम्बन्धी सदेशहरु विभिन्न सचार माध्यम मार्फत जानकारी गराउने | नगरपालिका | सबै | समुदाय | [illegible] | 3 | | | 200,000.00 | | समुदाय | 5000 | श्रावण देखि आषाढ सम्म |
| 13 | विषयगत क्षेत्रका कर्मचारीहरुलाई बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्न क्षमता विकास तालिम सचालन गर्ने | नगरपालिका | सबै | नगरपालिका | व्यक्ति | 1 | | 23,000.00 | 7,000.00 | | विषयगत शाखाहरु | 25 | असोज |
| 14 | गर्भवती, सुत्केरी, स्तनपान गराईरहेका महिला तथा किशोरीहरु लगायतका पोषण सम्बन्धी तथ्याक (प्रोफाईल) सकलन तथा आवधिक गर्ने | स्वास्थ्य | सबै | समुदाय | लमसम | 1 | 28,000.00 | 45,000.00 | | | किशोरी र मु.म.दि.म | 3500 | श्रावण देखि मंसीर सम्म |
| 15 | पोषण स्वयं सेवकको तलब सुविधा (तलब प्रतिमहिना रु १५००० का दरले १३ महिनाको, यातायात खर्च प्रतिमहिना रु १००० र सचार खर्च प्रतिमहिना रु ५०० तथा बर्षमा एक पटकको लागी पोशाक भत्ता रु ५००० र नगरपालिका श्रोत बाट थप तलब रु ३००० प्रतिमहिना) | नगरपालिका | | नगरपालिका | व्यक्ति | 1 | 62,000.00 | 156,000.00 | 36,000.00 | | पो.स्वयं सेवक | 12 | श्रावण देखि आषाढ सम्म |
| 16 | बहुक्षेत्रीय पोषण कार्यक्रम सँग सम्बन्धीत क्रियाकलापहरुको नियमित अनुगमन गर्ने | नगरपालिका | सबै | समुदाय | लमसम | 3 | | | 150,000.00 | | नगरपालिका | 60 | श्रावण देखि आषाढ सम्म |
| | | | | | | | 280,000.00 | 1,274,000.00 | 1,600,000.00 | | | | |

प्रमुख प्रशासकिय अधिकृत